

# अध्याय -५

# बिरानो देश वा सनातन सृष्टिकर्ता साबथको परमेश्वरलाई विश्वास नगर्ने भूमिमा प्रभुका भजनहरू गाउने

यस अध्यायका मूल पदहरू: भजन ७९:५-१३, भजन ८८:३-१२, भजन ६९:१-३, भजन २२:१, भजन ७७, भजन ७३:१-२० र १ पत्रस १:१७।

<u>यस अध्यायको मूल पद:</u> *"बिरानो देशमा परमप्रभुका गीत हामी कसरी गाउन सक्छौं?" भजन १३७:४।*

टाढा रहेको, पापले लादेको, भ्रष्ट, दुराचारी, दुष्ट, खराब तत्त्वहरूले अड्डा जमाएको, अन्याय, आतङ्क, अत्याचार, कष्ट, पीडा, मृत्यु र बर्बरताले अड्डा जमाएको असिद्ध संसारमा नै कसरी भजनसंग्रहको पुस्तक रचिएको थियो भन्ने ज्ञान पाउन त्यस पुस्तकको भित्री गहिऱ्याइमा पुग्न हामीलाई आवश्यक छैन। सार्वभौम प्रभुले सृष्टि गर्नु भएको र सञ्चालन गर्नुभएको स्थायीत्व दिने लक्ष्यले रचिएको यस पृथ्वीमा उहाँका धर्मी वा उचित विधिहरूलाई पाप र दुष्टताले निरन्तर रूपमा चुनौति दिँदै खतरामा पारिरहेको छ। जब पापले यस संसारमा भ्रष्टताको ज्यादतिले अड्डा जमाएकोले परमेश्वरका जनहरूलाई यो पृथ्वी दिनदिनै बिरानो भइरहेको छ। नैतिक मूल्य मान्यतालाई ओझेलो पारेको र खराब तत्त्वहरूले राज गरेको यस वास्तविक संसारमा रहनु

भजनसंग्रहका लेखकहरूका निम्ति समस्या नै भइरहेको थियो (र ती भजन गाउनेहरूको निम्ति पनि समस्या नै भइरहेको छ)। आफ्नै देशको नागरिक भएतापनि आस्थाको जीवनमा धक्का परिरहेको परिप्रेक्ष्यमा विश्वासीहरूको निम्ति आफ्नै देश पनि बिरानो भइरहेको छ। (येशूमा सत्यवादी भएर बाँच्न चाहनेको निम्ति कतिपय समयमा "बिदेशी धर्म अङ्गालेको" भनेर आक्षेप लगाएर विश्वासीहरूलाई हेप्ने वा तुच्छ ठान्ने) यस संसारका राष्ट्रहरूमा परमेश्वरमा आस्था राखि कसरी बाँचिरहने?

परमेश्वर सार्वभौम हुनुहुन्छ र उहाँले आफ्नो शक्तिद्वारा शासन गर्नुहुन्छ र उहाँले धार्मिकताको आधारमा न्याय गर्नुहुन्छ भनेर भजनसंग्रहका लेखकहरूले व्यक्त गरेका हामीले पढ्यौं। उहाँका भक्त जनहरूलाई दुःख र कष्ट परेको समयमा उहाँले अतुत रूपमा सुरक्षा दिनुहुन्छ र उहाँ अनन्तको परमेश्वर हुनुहुन्छ भनेर तिनीहरूले स्वीकारेका छन्। सार्वभौम र असल प्रभुको राज्यमा पनि दुष्ट र खराब तत्त्वहरूको किन विगिविगि चलिरहेको छ भन्ने विषयमा भजनको लेखकहरू अकमक्क परिरहेका थिए वा हामीमा कसलाई त्यस्तो भावना नहोला? भ्रष्ट, अनैतिक र अत्याचारको भुमरीमा परमेश्वर कहाँ हुनुहुन्छ भनेर सोध्ने को नहोला? कतिपय समयमा भजनहरू विरोधाभास वा अन्तरविरोधको समयमा रचेको पनि पाइन्छ। तिनीहरूको आततायी परिस्थितिमा परमेश्वर चुपचाप भएर हेरिरहनुभएको थियो भनेर तिनीहरूले आक्रोस व्यक्त गरी प्रार्थना गरेको पनि भजनको पुस्तकमा खुला रूपमा उल्लेख गरिएको पाइन्छ। देखावटीमा परमेश्वर चुपचाप रहनुभएको साथै उहाँको उपस्थितिको अनुभव पनि भजनका लेखकहरूले व्यक्त गरेका भजनहरू भजनसंग्रहको पुस्तकमा पाइन्छ।

## १. खराब दिनहरू

**भजनका लेखक कस्तो जोखिम वा टकरावमा परेका थिए भनेर देहायका भजनहरूमा कसरी व्यक्त गरेका छन्? हेर्नुहोस्ः " १८ हे परमेश्वर, शत्रुले तपाईंको कसरी ठट्टा गर्छ सो सम्झनुहोस्, र मूर्ख मानिसहरूले कसरी तपाईंका नाउँको निन्दा गरेका छन्। १९ तपाईंको आफ्नो ढुकुरको प्राण जङ्गली जनावरलाई नदिनुहोस्। आफ्नो पीडित जनको प्राणलाई सदाकाल नभुल्नुहोस्, २० तपाईंका करारको मर्यादा कायम राख्नुहोस्, किनकि देशका अँध्यारा ठाउँहरू हिंसाले भरिएका छन्। २१ थिचोमिचोमा परेकाहरू शर्ममा पछि नहटून्,**

दुःखी र दरिद्रहरूले तपाईंका नाउँको प्रशंसा गरून्। २२ हे परमेश्वर, उठ्नुहोस्, र आफ्नो पक्षको विषयलाई सम्भाल्नुहोस्। मूर्ख मानिसहरूले कसरी दिनभरि तपाईंको ठट्टा गरिरहन्छन् सो सम्झनुहोस्। २३ तपाईंका विरोधीहरूको होहल्ला र तपाईंका शत्रुहरूको निरन्तर हुने खैलाबैला नभुल्नुहोस्।" भजन ७४:१८-२३ र "५ कहिलेसम्म, हे परमेश्वर? के तपाईं हामीहरूसँग सधैंभरि क्रोधित भइरहनुहुन्छ? तपाईंको डाह आगोझैं कतिसम्म दन्की नै रहनेछ? ६ ती जातिहरू जसले तपाईंलाई स्वीकार गर्दैनन्, ती राज्यहरू जसले तपाईंलाई पुकार्दैनन्, तिनीहरूमाथि तपाईंको क्रोध खन्याउनुहोस्। ७ किनभने तिनीहरूले याकूबलाई निलेका छन्, अनि तिनको वासस्थान उजाड पारेका छन्। ८ हाम्रा पुर्खाहरूका पापको लेखा हामीहरूसँग नलिनुहोस्, तपाईंको कृपा हामीलाई चाँडै उपलब्ध होस्, किनकि हामी साह्रै खाँचोमा छौं। ९ हामीलाई उद्धार गर्ने हे परमेश्वर, तपाईंका नाउँको महिमाको निम्ति हामीलाई सहायता दिनुहोस्। आफ्ना नाउँको खातिर हामीलाई छुटाउनुहोस्, र हाम्रा पाप क्षमा गर्नुहोस्। १० "तिनीहरूका परमेश्वर कहाँ छन्?" भनी जातिहरूले किन भनून्? हाम्रै आँखाको अगि तपाईंका दासहरूका बगाएका रगतको बदला तपाईं लिनुहुन्छ भन्ने जाति-जातिहरूलाई थाहा होस्। ११ कैदीहरूको करुण-क्रन्दन तपाईंको सामु पुगोस्, तपाईंको बाहुलीको शक्तिद्वारा मृत्युदण्ड परेकाहरूको रक्षा गर्नुहोस्। १२ हे परमप्रभु, जुन गिल्लाले तिनीहरूले तपाईंलाई अपमान गरेका छन्, त्यसका सात गुणा साटो हाम्रा छिमेकीहरूलाई फर्काइदिनुहोस्। १३ तब हामी, जो तपाईंको प्रजा र तपाईंको खर्कका भेड़ाहरू हौं, तपाईंको सदासर्वदा प्रशंसा गर्नेछौं, हामी पुस्तौं-पुस्तौंसम्म तपाईंका प्रशंसाको वर्णन गर्नेछौं।" भजन ७९:५-१३।

परमेश्वर र दुष्टका शक्तिहरूका बीचमा भएको महान् अन्तर्द्वन्द्व भजनका लेखकले बुझ्न खोजेका र उहाँका बुझ्नै नसकिने सहनशीलता साथै उहाँका ज्ञानबुद्धि र शक्तिलाई औंल्याइएका ती भजनहरूले आभास दिन्छ।

भजनसंग्रहमा उल्लेख गरिएका खराब तत्त्वहरूको समस्या प्रायजसो धार्मिक समस्या भएको देखिन्छ। परमेश्वरप्रति चासो राखेर प्रश्नहरू गरेको पाइन्छ। यरुशलेम र मन्दिरको बिनाश नै परमेश्वरको चलखेल वा घोटाला भएको मानवीय दृष्टिकोणले हेरिएको छ। अनिश्वरवादीहरूले परमेश्वरप्रति निन्दा गर्ने अवसर उहाँले नै उपलब्ध गराउनुभएको थियो भनेर भजनका लेखकले व्यक्त गर्न खोजेको पाइन्छ। इस्राएलीहरू परमेश्वरका आफ्ना सम्पत्ति हुन् भनेर रोज्नुभएकोले नै उहाँले तिनीहरूलाई अगवाइ गर्नुभएको थियो

र तिनीहरूसँग करार बाँध्नुभएको थियो (व्यवस्था ४:३२-३८, व्यवस्था ३२:८,९)। यो करार उहाँका जनहरू हुनुमा उहाँकै हात भएकोले तिनीहरू असफल नहुने प्रावधान बनाइएको थियो। परमेश्वरको सम्पत्ति भन्ने अवधारणामा एक दिन संसारका राष्ट्रका सबै मानिसहरू उहाँका हुनेछन् र उहाँको सेवा गर्नेछन् भन्ने समेटिएको छ। यो युगको अन्तको लक्ष्य हो। अब विदेशी राष्ट्रहरूले नै परमेश्वरको सम्पत्ति वा इस्राएललाई आक्रमण गर्न दिएको देख्दा उहाँको प्रतिज्ञामा नै धक्का परेको देखिएको थियो। इस्राएलीहरूका आफ्नै पापहरूका कारण परमेश्वरले बाँध्नुभएको करार भ्रष्ट भएको थियो र त्यसको नतिजा (भजन ७९:८,९) तिनीहरूले भोग्नुपरेको कुरालाई भजनका लेखकले स्वीकारेका थिए। परमेश्वरको अनुग्रहको हस्तक्षेपले मात्र मानिसहरूको जीवन बच्न सकिन्थ्यो र करारको सम्बन्धको नविकरण गर्न सकिन्थ्यो। तर त्यो पापको प्रायश्चितको प्रक्रियाबाट पूरा हुन्थ्यो। "परमेश्वर हाम्रा मुक्ति" हुनुहुन्छ भन्ने वचनले आफ्ना कराहरूप्रति परमेश्वर बफादारी (भजन ७९:९) भएको जनाउँछ।

इस्राएलीहरूको पुनर्स्थापनाभन्दा संसारको सामु परमेश्वरको छवि धलमिएको बढी चिन्ताको विषय थियो (भजन ७९:९)। यदि राष्ट्रहरूका खराब कामहरू र भ्रष्ट चालाहरूलाई छुट नै दिइरहेको भए परमेश्वरको शक्ति निरीह भएको देखिन्छ (भजन ७४:१८-२३, भजन ८३:१६-१८, भजन १०६:४७)। जब परमेश्वरले उहाँका जनहरूलाई उद्धार गर्नुहुन्छ तब मात्र उहाँको नाउँ उच्च हुनेछ र उहाँको इज्जत थामिनेछ। उहाँ न्यायोचित हुनुहुन्छ भनेर त्यसले मात्र देखाउँछ। यो नीति पौराणिक इस्राएलीहरूको निम्ति मात्र नभएर अहिले पनि लागु हुन्छ। हामी इसाई भनेर दाबी गर्छौं तर बप्तिस्माको बेलामा किरिया खाएका प्रतिबद्धतामा चुकेर बस्यौं, पापमा फसिरह्यौं, परमेश्वरलाई विश्वास गर्नुबाट पछि हटेर बस्यौं र खराब तत्त्वहरूलाई पोषाइ राख्यौं भने हाम्रो नाउँलाई मात्र होइन परमेश्वरको नाउँमासमेत हिलो फ्याँकिरहेका हुन्छौं। इसाई हौं भनेर दावी त गर्ने तर येशूको भावनामा नचल्दा हामीले नै परमेश्वरको बेइज्जत गरिरहेका हुन्छौं। यो भन्दा खराब अरू के होला? हामीहरूको गलत क्रियाकलापले हाम्रा आत्मिक आयाममा मात्र धक्का पर्दैन हाम्रो गवाही, चर्च र लक्ष्य वा मिशनमा समेत निर्णायक धक्का दिनइरहेका हुन्छौं। येशूकै नाउँ लिनेहरू वा इसाई हौं भनेर दावी गर्ने तर येशूका नीतिहरूमा नचल्नेकै कारण कतिपय मानिसहरू परमेश्वर र चर्चबाट टाढा हुन पुगेको लेखाजोखा कसलाई थाहा होला?

"परमेश्वरको सम्मान गर्नु वा उहाँको इज्जत थाम्नु, येशूको सम्मान गर्नु र उहाँको इज्जत थाम्नुमा उहाँका जनहरूको चरित्रको सिद्धता वा परिपक्वता समावेश भएको हुन्छ।"- एलेन जी. ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ६७१। यो समसमायीक र महत्त्वपूर्ण सत्यलाई तपाईंले कसरी बुझ्नुभएको छ? तपाईंको येशूभक्तकै जीवनमा त्यसको अर्थ के हो?

## २. मृत्युको ढोकामा

**देहायका पदहरूमा के अनुभवहरू वर्णन गरिएका छन्? ती पदहरूमा व्यक्त गरिएको भावनासँग के तपाईं पनि परिचित हुनुहुन्छ त? हेर्नुहोस्, भजन ४१:१-४ "१ त्यो धन्यको हो, जसले निर्धाहरूको फिक्री गर्दछ, दुःखको दिनमा परमप्रभुले त्यसलाई छुटकारा दिनुहुन्छ। २ परमप्रभुले त्यसको रक्षा गर्नुहुनेछ, र त्यसको जीवन जोगाउनुहुनेछ। उहाँले त्यसलाई पृथ्वीमा आशिष दिनुहुनेछ, अनि त्यसलाई त्यसका शत्रुहरूको इच्छामा छोड्नुहुनेछैन। ३ परमप्रभुले त्यसलाई त्यसको बिरामीको ओछ्यानमा सम्भाल्नुहुनेछ, अनि त्यसलाई फेरि स्वास्थ्य प्रदान गर्नुहुनेछ। ४ मैले भनें, "हे परमप्रभु, ममाथि अनुग्रह गर्नुहोस्। मलाई निको पारिदिनुहोस्, किनकि मैले तपाईंको विरुद्धमा पाप गरेको छु।"; भजन ८८ "१ हे परमप्रभु मेरा परमेश्वर, जसले मेरो उद्धार गर्नुहुन्छ। दिनरात तपाईंलाई म दुहाई दिन्छु। २ मेरो प्रार्थना तपाईंको सामुन्ने पुगोस्, मेरो क्रन्दनतिर कान फर्काउनुहोस्। ३ किनकि मेरो प्राण दुःखले भरिएको छ, अनि मेरो जीवन चिहानको छेवैमा पुगेको छ। ४ मृत-लोकमा जानेहरूसँगसँगै मेरो गन्ती भएको छ, ताकतै नभएको मानिसजस्तै म भएको छु।५ म मुर्दाहरूसितै छुट्ट्याइएको छु, मारिएका मानिसजस्तै जो चिहानमा सुत्छन्, जसलाई तपाईं कहिल्यै सम्झनुहुन्न, जुनहरू तपाईंको हेरचाहबाट त्यागिएका छन्। ६ तपाईंले मलाई मृत-लोकको तल्लो भागमा, अति अन्धकारमय गहिराइमा राख्नुभएको छ। ७ तपाईंको क्रोधले मलाई दबाएर राखेको छ, र तपाईंले आफ्ना सबै छालहरूले मलाई व्याकुल तुल्याउनुभएको छ। ८ मेरा अति नजिकका साथीहरूबाट तपाईंले मलाई अलग गर्नुभएको छ। तपाईंले मलाई तिनीहरूको लेखामा घृणित तुल्याउनुभएको छ।म थुनिएको छु, र म उम्कन सक्दिनँ। ९ शोकले मेरा आँखा धमिला हुन्छन्। हे परमप्रभु, म दिनहुँ तपाईंलाई पुकार गर्दछु, म मेरा हात तपाईंतिर पसार्छु। १० के तपाईं मुर्दाहरूलाई आफ्ना आश्चर्यकर्म देखाउनुहुन्छ? के ती मरेकाहरू जीवित भएर तपाईंको स्तुति गर्छन् र? ११ के चिहानमा**

तपाईंको प्रेम, अथवा विनाशमा तपाईंका विश्वस्तताको घोषणा गरिन्छ? १२ के तपाईंका आश्चर्य कामहरू अन्धकारको स्थानमा, र तपाईंको धार्मिकताका कार्यहरू विस्मृतिको देशमा प्रकट गरिन्छन् र? १३ तर हे परमप्रभु, म त तपाईंमा नै पुकार गर्दछु, र बिहानै मेरो प्रार्थना तपाईंको सामुन्ने आउँछ। १४ हे परमप्रभु, तपाईं मलाई किन इन्कार गर्नुहुन्छ? आफ्नो मुहार मबाट किन लुकाउनुहुन्छ? १५ युवावस्थादेखि नै म दुःखमा परेको छु, र मर्न लागेको छु तपाईंका त्रासबाट म पीडित छु, र म निराश भएको छु। १६ तपाईंको क्रोध ममाथि खनिएको छ, तपाईंका त्रासहरूले मलाई नष्ट पारेका छन्। १७ तिनीहरूले बाढ़ले झैं सारा दिन मलाई घेरिराखेका छन्, चारैपट्टिबाट तिनीहरूले मलाई छोपिसके। १८ तपाईंले मेरा साथीहरू र मेरा प्रेमीहरूलाई मबाट लैजानुभयो। अन्धकार मेरो घनिष्ठ मित्र भएको छ।; भजन १०२ "१ हे परमप्रभु, मेरो प्रार्थना सुन्नुहोस्, सहायताको लागि मेरो प्रार्थना तपाईंको समीप पुगोस्। २ मेरो सङ्कष्टको दिनमा आफ्नो मुहार मबाट नलुकाउनुहोस्। तपाईंको कान मतिर फर्काउनुहोस्, मैले पुकार गरेको दिन मलाई तुरुन्तै जवाफ दिनुहोस्। ३ किनभने मेरा दिनहरू धूवाँझैं विलोप हुन्छन्, र मेरा हाड़हरू झरिला फिलिङ्गाजस्ता जल्छन्। ४ मेरो हृदय घाँसझैं ओइलाएर सुकेको छ, म आफ्नो भोजन खान पनि बिर्सिन्छु। ५ मेरो गहिरो आर्तनादले गर्दा म हाड र छाला भइसकें। ६ मरुभूमिको लाटोकोसेरोजस्तै भइसकें, भग्नावशेषमा वास गर्ने एउटा लाटोकोसेरोझैं। ७ अनिद्राले म जागा बस्छु, धुरीमाथिको एकलो चरोजस्तो भएको छु। ८ मेरा शत्रुहरूले दिनभरि मेरो ठट्टा उड़ाउँछन्, मलाई दिल्लगीमा उड़ाउनेहरूले मेरो नाउँ सरापको रूपमा प्रयोग गर्छन्। ९ किनकि म खरानी भोजनझैं खान्छु, र आँसु मिसिएको पानी पिउँछु। १० किनकि तपाईंको क्रोधले गर्दा तपाईंले मलाई माथि उचालेर एकापट्टि फालिदिनुभएको छ, ११ मेरा दिनहरू बेलुकीको छायासमान छन्, म घाँसजस्तै ओइलिसकेको छु। १२ तर तपाईं हे परमप्रभु, सदाको निम्ति सिंहासनमा विराजमान हुनुहुन्छ। तपाईंको कीर्ति पुस्ता-पुस्तासम्म रहन्छ। १३ तपाईं उठ्नुहुनेछ र सियोनमाथि दया-दृष्टि दर्शाउनुहुनेछ, किनभने सियोनमाथि निगाह गर्ने समय अहिले नै हो, तोकिएको समय आइपुगेको छ। १४ किनभने तपाईंका दासहरूले त्यहाँका ढुङ्गाहरूलाई माया गर्छन्, र त्यसका धूलाहरूलाई पनि तिनीहरू टिठ्याउँछन्। १५ जातिहरू परमप्रभुको नाउँले भयभीत हुनेछन्, पृथ्वीका सबै राजाहरूले तपाईंका महिमाको आदर गर्नेछन्। १६ किनभने परमप्रभुले सियोनको पुनर्निर्माण गर्नुहुनेछ, अनि

आफ्नो महिमामा उहाँ प्रकट हुनुहुनेछ। १७ उहाँले दीन-हीनहरूको प्रार्थनाप्रति ध्यान दिनुहुन्छ, उहाँले तिनीहरूका निवेदनको उपेक्षा गर्नुहुन्न। १८ अहिलेसम्म सृष्टि नगरिएका मानिसहरूले, परमप्रभुको प्रशंसा गरून् भनेर यो कुरा भावी पुस्ताको निम्ति लेखिओस्ः  १९ "परमप्रभुले उच्च स्थानमा रहेको आफ्नो पवित्रस्थानबाट, स्वर्गबाट तल पृथ्वीमाथि दृष्टिपात गर्नुभयो,  २० यसरी कैदीहरूका आर्तनाद उहाँले सुन्न सकून्, र मृत्युदण्ड पाएकाहरूलाई मुक्त गर्न सकून्।" २१ यसरी सियोनमा परमप्रभुका नाउँको वर्णन गरिनेछ, र यरूशलेममा उहाँको प्रशंसा गरिनेछ,  २२ जब परमप्रभुको आराधना गर्नलाई मानिसहरू र राज्यहरू एकत्रित हुनेछन्।  २३ उहाँले मेरो जीवन-यात्रामै मेरो ताकत तोडिदिनुभयो, र मेरो आयु घटाइदिनुभयो।  २४ यसैले मैले भनें, "हे मेरा परमेश्वर, मलाई अल्प आयुमा नै नलैजानुहोस्। तपाईंका वर्षहरू त पुस्तौंसम्म रहन्छन्।  २५ आदिकालमा तपाईंले पृथ्वीको जग बसाल्नुभयो, र स्वर्ग तपाईंकै बाहुलीको कृति हो।  २६ तिनीहरू नष्ट हुनेछन्, तर तपाईं रहिरहनुहुन्छ, तिनीहरू सबै वस्त्रझैं थोत्रा भइजानेछन्। लुगा फेरेझैं तपाईंले तिनीहरूलाई फेर्नुहुनेछ, र ती फालिनेछन्!  २७ तर तपाईं त एकैनासका हुनुहुन्छ, र तपाईंका वर्षहरूको अन्त्य नै हुँदैन। २८ तपाईंका सेवकहरूका सन्तान तपाईंको सम्मुख वास गर्नेछन्, र तिनका सन्तान तपाईंको सामुन्ने स्थिर रहनेछन्।"

बिरामी र मृत्युबाट राहत पाउन गरिएका माथिका प्रार्थनाहरूले परमेश्वरका जनहरू पनि यस संसारमा हुने दुःख, कष्ट र मृत्युबाट मुक्त छैन भनेर प्रमाणित गर्दछ। परमेश्वरप्रति आशक्त हुने र उहाँको भक्तिमा हिंड्ने भजनका लेखकले अनुभव गरेका भयानक पीडाहरूको बारेमा प्रकट गर्दछन्। उनी कमजोरी र नातागत भएको, घाँस जस्तै ओइलिएको, खान पनि नसक्ने, मर्नको  निम्ति अलग्याइएको, चिहानको मुर्दा जस्तै लडिरहेको साथीहरूको गिल्ला सहनुपरेको, दुःख, कष्ट, निराश, सन्ताप र वेदनाले उनलाई गुटमुट्याइएको थियो। उनका हाडहरू छालामा टाँसिएका थिए अर्थात् उनी जिउँदो कङ्गाल भएको थियो। इस्रायलीहरू मनपरि हिंडेको र परमेश्वरलाई वेवास्ता गरेर उहाँका निर्देशन र आज्ञाहरूलाई पन्छाएर चलेकोले प्रभुले नै ती स्थितिहरू आउन दिनुभएको  हो भनेर धेरै भजनहरूमा लेखकहरूका आर्तनाद व्यक्त गर्दछन्। पापले नै अनेकौं बिमार, पीडा र दुःख ल्याउँछ भनेर भजनको लेखकले जिकिर गर्दछन्। त्यसकारण, आफूलाई निको बनाउनु अघि लेखकले क्षमा माग्छन् (भजन ४१ः३,४)। परमेश्वरका अनजान, निर्दोष जनहरू पनि

दुःख, कष्ट पाउनु जीवनको तितो सत्य हो भनेर भजन ८८ र भजन १०२ ले खुलासा गर्छन्। परमेश्वरलाई विश्वास गरेर र उहाँमाथि भरोसा राखे पनि ती विषम् परिस्थितिहरू किन आउँछन् भनेर बुझ्न नसेकतापनि त्यो खप्न वाध्यता भएको परमेश्वरका जनहरूले स्वीकार गर्नैं पर्छ। भजन ८८मा भजनका लेखकले उनलाई मृत्युको पासोमा परमेश्वरले नै हुट्याउनुभएको हो भनेर उहाँलाई आरोप लगाउँछन् (भजन ८८:६-८)। परमेश्वरलाई भयानक दोष लगाएर दुखेसो पोखाएतापनि लेखकले आफ्नो बिलाप उहाँलाई विश्वास गरेर नै व्यक्त गरेको देखाउँदछ। विलाप आफैं पनि विश्वासको क्रियाकलाप हो भनेर त्यस भजनमा स्पष्ट रूपले देखाउँदछ। ती दुःख र समस्याहरू सार्वभौम परमेश्वरले नै आउन दिनुभएको भएतापनि उहाँको बालकलाई उसको हितको निम्ति उहाँले पुनर्स्थापित गर्नुहुनेछ भनेर लेखक ढुक्क हुन्छन्।

मृत्यु शैयामा परेका भजनका लेखकले परमेश्वरका अचम्मका कामहरू सम्झिन्छन्, उहाँ कति मायालु, विश्वासिलो र धर्मी हुनुहुन्छ भनेर स्वीकार्दछन् (भजन ८८:१०-१२)। आपद विपद् परमेश्वरले नै ल्याउनुभएको हो भनेर आभास पाएतापनि भजनका लेखकले परमेश्वरसँगै टाँसिएर बसेको हुन्छ। आफूले दुःखकष्ट पाएतापनि परमेश्वरको प्रेमलाई लेखकले अस्वीकार गर्दैन र उनको मुक्ति केवल परमेश्वरमा मात्र छ भनेर जिकिर गर्दछन्। त्यसको अर्थ भजनका लेखकले जस्तोसुकै कष्ट भोग्नुपरेतापनि परमेश्वरको अनुग्रहको दिव्यज्ञान आफूमा भएको देखाउँछ। दुःख र अनुग्रह एक आपसबाट अलग हुनुपर्छ भन्ने छैन भजनका लेखकले हामीलाई बताउँछन्।

संक्षेप्तमा भन्नुपर्दा, दुःखकष्ट परमेश्वरले नै आउन दिनुभएकोमा र उहाँले उद्धार गर्नुहुनेछ भन्ने विश्वासमा अडिग हुँदा आखिरमा परमेश्वरकै सार्वभौमसत्तालाई प्रमाणित गर्दछ। सबै थोक परमेश्वरकै नियन्त्रणमा छ भन्ने ज्ञानमा हामी रहन सक्यौं भने हाम्रो दुःखित हृदयमा आशा पल्लाउँदछ। जब हामी येशू ख्रीष्टको कष्टलाई दृष्टिगत गरेर भजन ८८ पढ्छौं तब उहाँको प्रेमको गहिऱ्याइप्रति चकित हुन्छौं। मानव जातिलाई मुक्ति दिन येशू आफै पनि मृत्युको ढोकाबाट पार हुन उहाँ राजी हुनुभएको थियो।

***पापले गर्दा येशूलाई क्रूसमा झुण्डिनु परेको र उहाँको वेदनाको बारेमा चिन्तन गर्नुहोस्। परमेश्वर ख्रीष्टमा रहनुभएर हामीले पाउने दुःखभन्दा ज्यादै कष्ट र वेदना सहनुभएको वास्तविकतालाई सोच्नुहोस्। के त्यस सम्झनाले हाम्रो***

*दुःख, कष्ट र परीक्षामा पनि परमेश्वरप्रति आभारित भएर विश्वासको दियो हाम्रो हृदयमा जलाइ राख्न सहयोग गर्दैन र?*

## ३. परमेश्वर कहाँ हुनुहुन्छ?

भजनका लेखकलाई के कारणले ठुलो पीडामा जाकिएका थिए? हेर्नुहोस्ः भजन ४२ः१-५ " १ जसरी हरिणले खोलाका पानीको तृष्णा गर्दछ, त्यसरी नै, हे परमेश्वर, मेरो प्राणले तपाईंको तृष्णा गर्दछ। २ मेरो प्राण परमेश्वरको निम्ति, जीवित परमेश्वरको निम्ति तिर्खाउँछ। म कहिले गएर परमेश्वरलाई भेटूँ? ३ मेरो आँसु रातदिन मेरो आहार बनेको छ, र मानिसहरू लगातार मलाई भनिरहन्छन्, "खोइ तेरा परमेश्वर?" ४ मेरो हृदयका कुराहरू पोखाउँदा, यी कुराहरूको मलाई सम्झना हुन्छः म कसरी ती उत्सव मनाउने जन-समूहसित हर्ष र धन्यवादसाथ जाने, र तिनीहरूका अगुवा भएर तिनीहरूलाई परमेश्वरको मन्दिरतर्फ लाने गर्थे। ५ हे मेरो प्राण, तँ किन उदास हुन्छस्? र मेरो अन्तस्करणमा तँ किन यति व्याकुल हुन्छस्? तेरो आशा परमेश्वरमा राख्, किनकि म अझै पनि उहाँको प्रशंसा गर्नेछु। उहाँ मेरा उद्धारक र मेरा परमेश्वर हुनुहुन्छ।", भजन ६३ः१ " हे परमेश्वर, तपाईं मेरा परमेश्वर हुनुहुन्छ, म तपाईंलाई दिलोज्यानले खोज्छु। पानी नभएको ओबानो र बाँझो जमिनमा मेरो प्राण तपाईंको निम्ति तिर्खाउँछ, मेरो शरीर तपाईंकै निम्ति मरिमेट्दछ।", भजन ६९ः१-२० " १ हे परमेश्वर, मलाई बचाउनुहोस्, किनकि पानी मेरो गर्दनसम्म आइसकेको छ। २ उभिने ठाउँ नभएको गहिरो दलदलमा म डुब्दैछु, गहिरो पानीमा फसेको छु, बाढ़हरू ममाथि उर्लदैछन्। ३ मदतको लागि कराउँदा-कराउँदा म थाकेको छु, मेरो घोक्रो सुकिसकेको छ। मेरा परमेश्वरको बाटो हेर्दा-हेर्दा मेरा आँखा धमिला भएका छन्। ४ विनाकारण मलाई घृणा गर्नेहरू मेरो शिरका कपालभन्दा धेरै छन्। विनाकारण मेरा शत्रु हुनेहरू धेरै छन्, जसले मलाई मार्न खोज्छन्।

मैले नलुटेका चीजहरू फिर्ता गर्न मलाई बाध्य भएको छ। ५ हे परमेश्वर, तपाईं मेरो मूर्खता जान्नुहुन्छ, र मेरा दोष तपाईंबाट लुकेको छैन। ६ तपाईंमा आशा राख्नेहरू मेरो कारणले अनादरमा नपरून्, हे परमप्रभु, सर्वशक्तिमान् परमप्रभु। हे इस्राएलका परमेश्वर, तपाईंलाई खोज्नेहरू मेरो कारणले शर्ममा नपरून्। ७ किनभने तपाईंकै खातिर मैले तिरस्कार सहेको छु, र लाजले मेरो अनुहारलाई ढाकेको छ। ८ मेरा भाइहरूका बीचमा म बिरानो

भएको छु, र मेरी आमाका छोराहरूमा म विदेशी भएको छु। ९ किनकि तपाईंका भवनको जोशले मलाई जलाएको छ, तपाईंलाई निन्दा गर्नेहरूको निन्दा ममाथि आइपरेको छ, १० म रुँदा र उपवास बस्दा, मैले उपहास सहनुपर्दछ, ११ जब म भाङ्ग्राको लुगा लगाउँछु, मानिसहरू मेरो ठट्टा गर्दछन्। १२ मूल ढोकामा बस्नेहरू मलाई खिज्याउँछन्, र म त मतवालाहरूको गीत भएको छु। १३ तर म तपाईंलाई प्रार्थना गर्दछु, हे परमप्रभु, तपाईंको निगाहको बेलामा। तपाईंको महान् प्रेममा, हे परमेश्वर, तपाईंको निश्चित उद्धारले मलाई उत्तर दिनुहोस्। *१४ दलदलमा डुब्नुदेखि मलाई बचाउनुहोस्,* मलाई घृणा गर्नेहरूबाट र गहिरो पानीबाट मेरो उद्धार गर्नुहोस्। १५ पानीको बाढ़ले मलाई नछोपोस्, अथवा जलले मलाई ननिलोस्, वा चिहानले आफ्नो मुख ममाथि बन्द नगरोस्। १६ तपाईंका प्रेमको उत्तमतामा, हे परमप्रभु, मलाई उत्तर दिनुहोस्, आफ्नो महान् कृपामा मतर्फ फर्कनुहोस्। १७ तपाईंको मुहार आफ्नो दासदेखि नफर्काउनुहोस्। मलाई झट्टै उत्तर दिनुहोस्, किनकि म दुःखमा परेको छु। १८ मेरो नजिक आउनुहोस् र मेरो उद्धार गरिदिनुहोस्, मेरा शत्रुहरूको कारण मलाई मोल तिरेर छुटाउनुहोस्। १९ मेरो तिरस्कार, मेरो शर्म र मेरो बेइज्जत तपाईंलाई थाहा छ। मेरा सबै शत्रुहरू तपाईंकै अगि छन्। २० तिरस्कारले मेरो मन भाँचेको छ, र म निस्सहाय भएको छु। मलाई टिठ्याउने कोही छन् कि भनेर मैले खोजें, तर कोही थिएन, र सान्त्वना दिनेहरू पनि, तर कोही थिएन।", भजन १०२:१-७ " १ हे परमप्रभु, मेरो प्रार्थना सुन्नुहोस्, सहायताको लागि मेरो प्रार्थना तपाईंको समीप पुगोस्। २ मेरो सङ्कष्टको दिनमा आफ्नो मुहार मबाट नलुकाउनुहोस्। तपाईंको कान मतिर फर्काउनुहोस्, मैले पुकार गरेको दिन मलाई तुरुन्तै जवाफ दिनुहोस्। ३ किनभने मेरा दिनहरू धूवाँझैं विलोप हुन्छन्, र मेरा हाड़हरू झरिला फिलिङ्गाजस्ता जल्छन्। ४ मेरो हृदय घाँसझैं ओइलाएर सुकेको छ, म आफ्नो भोजन खान पनि बिर्सिन्छु। ५ मेरो गहिरो आर्तनादले गर्दा म हाड र छाला भइसकें। ६ मरुभूमिको लाटोकोसेरोजस्तै भइसकें, भग्नावशेषमा वास गर्ने एउटा लाटोकोसेरोझैं। ७ अनिद्राले म जागा बस्छु, धुरीमाथिको एकलो चरोजस्तो भएको छु।"

व्यक्तिगत र सामुहिक दुःखकष्टहरूले भजनका लेखकलाई पीडा दिएको थियो। अझ परमेश्वरकै सेवकहरूले नै कठिनाइ पार गर्नुपर्दा परमेश्वर असंवेदनशील हुनुभएको देखिएको सोचले गर्दा लेखकलाई असह्य नै भएको थियो। जसरी सुख्खा भूमिका हिंड्नुपर्दा मानिस प्यासले छटपटिन्छ, त्यसरी नै

परमेश्वरका जनहरू उहाँको अनुपस्थिति हुँदा छटपटिन्छ (भजन ४२:१-३, भजन ६३:१) र मृत्युको निम्ति तिनीहरू चित्कार गर्दछन् (भजन १०२:२-४)। परमेश्वरको समिपमा हटाइएको भजनका लेखकले आभास पाउँछन् र आफू एक्लै भौतारिएको चरा जस्तो भइरहेको भावना यसरी व्यक्त गर्दछन्, " मरुभूमिको लाटोकोसेरोजस्तै भइसकें, भग्नावशेषमा वास गर्ने एउटा लाटोकोसेरोझैं। अनिद्राले म जागा बस्छु, धुरीमाथिको एकलो चरोजस्तो भएको छु।" भजन १०२:६-७।

जब लेखकले उजाडस्थान वा मरुभूमि भनेर उल्लेख गर्दछन् त त्यो स्थान परमेश्वरबाट अलग भएको वा आइसोलेशन भएको बुझाउँछ। एक्लै चरा आफ्नो गुँडबाट अलग भएर घरको छानामा बसिरहेको चित्रणलाई आफ्नो परिस्थितिसँग तुलना गर्दछ। आफू गहिऱ्याइबाट चित्कार गरिरहेको भजनका लेखकले व्यक्त गर्दछन्। उनी त बाढीको पानीले बगाएर गहिरो दलदलमा फस्न पुगेको अनुभव भएको भावना व्यक्त गर्दछन् (भजन ६९:१-३, भजन १३०:१)। ती चित्रणहरूले भजनका लेखक यस्तो दवाव र चापमा परेको देखाउँछ कि उनको निम्ति परमेश्वरको हस्तक्षेप बाहेक उम्किने बाटो अरू केही छैन।

**आफू एक्लो भएको, सबैले त्यागेको र परमेश्वर पनि अनुपस्थिति भएको पीडादायी समयमा भजनका लेखकको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस्, भजन १०:१०-१२ " १० दु:खीहरू पेलिन्छन् र लाचार भई लड्छन्, र तिनीहरू त्यसको शक्तिले (दुष्टहरूको) ढल्दछन्। ११ त्यसले आफ्नो मनमा सोच्दछ, "परमेश्वरले बिर्सनुभएको छ। उहाँले आफ्नो मुहार लुकाउनुभएको छ, र कहिल्यै देख्नुहुन्न।" १२ हे परमप्रभु, उठ्नुहोस्, हे परमेश्वर, तपाईंको हात उठाउनुहोस्, असहायहरूलाई नबिर्सनुहोस्।", भजन २२:१-२ " १ हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्यागनुभएको छ? मलाई बचाउनबाट तपाईं किन यति टाढ़ा हुनुहुन्छ? अनि मेरो करुण-क्रन्दनका शब्दहरूबाट त्यति टाढ़ा? २ हे मेरा परमेश्वर, दिनको समयमा म पुकार्छु, तर तपाईं उत्तर दिनुहुन्न। राती पनि म शान्त बन्दिनँ।", भजन २७:७-९ " ७ हे परमप्रभु, जब म उच्च सोरले कराउँछु, तब सुन्नुहोस्, ममाथि कृपालु हुनुहोस्, र मलाई जवाफ दिनुहोस्। ८ मेरो हृदयले तपाईंको विषयमा भन्दछ, "उहाँको मुहारको खोजी गर।" हे परमप्रभु, तपाईंका मुहारको खोजी म गर्नेछु। ९ तपाईंको मुहार मबाट नलुकाउनुहोस्, क्रोधमा तपाईंको दासलाई**

**नहटाउनुहोस्। तपाईं मेरा सहायक हुनुभएको छ। मलाई इन्कार नगर्नुहोस्, मलाई नत्याग्नुहोस्, हे मेरा उद्धारकर्ता परमेश्वर!" र भजन ३९:१२,१३ "१२ "हे परमप्रभु, मेरो प्रार्थना सुन्नुहोस्, मदतको लागि मैले गरेको क्रन्दन सुनिदिनुहोस्, मेरो आँसु त्यसै नटारिदिनुहोस्, किनकि मेरा सबै पुर्खाहरूजस्तै म एक प्रवासी हुँ, एउटा विदेशीझैं म तपाईंसित वास गर्दछु। १३ म बिदा हुन अघि र मेरो नाम मेटिन अघि नै मबाट क्रोधको दृष्टि हटाउनुहोस्, र म फेरि हर्षित हुन सकूँ।"**

परमेश्वर चुपचाप रहनुभएको आफूले आभास पाएतापनि आफूचाहिँ चुपचाप नरहने भजनका लेखकहरूका प्रतिवद्धता अचम्मै मान्नुपर्दछ। जे भएतापनि भजनका लेखकहरू नडगमगी प्रार्थनामा विश्वास गरेको देखाउँछ। त्यो प्रार्थना सिधै जीवित र अनुग्रही परमेश्वरतिर लक्षित गरिएको थियो। अरू कसैमा होइन। उहाँ चुपचाप रहनुभएको आभास पाइएतापनि परमेश्वर हाम्रो दुःखकष्टबाट अनभिज्ञ हुनुहुन्न। उहाँ त्यही परमेश्वर हुनुहुन्छ जो विगतको समयमा आफ्ना जनहरूसँग हुनुहुन्थ्यो र अहिले पनि हुनुहुन्छ। हाम्रा प्रार्थनाहरू सुन्नुहुन्छ भन्ने कुरामा विगतका भक्तहरू विश्वस्त भएका थिए भने अहिले पनि हुन सक्छौं।

परमेश्वर चुपचाप रहनुभएको आभास पाएको समयमा भजनका लेखकहरूले आफ्ना हृदयहरू जाँच्ने वा आत्मआलोचना गर्ने अवसर पाएको थियो र परमेश्वरलाई हृदयदेखि पश्चाताप गर्दै नम्र भएर बिन्ति गर्दै खोज्ने समय पनि मिलेको थियो। तिनीहरूलाई थाहा थियो कि परमेश्वर सदाको निम्ति चुपचाप रहनुहुनेछैन। जे भएतापनि परमेश्वरसँग संवाद जारी नै राख्नुपर्छ भनेर भजनका लेखकहरू कतिबद्ध भएका थिए। जीवनमा जुनसुकै परिस्थिति, उतारचढाव आएतापनि परमेश्वरलाई प्रार्थना गर्नुबाट कोही पनि रोक्नुहुन्न।

**परमेश्वर चुपचाप रहनुभएको देखिएतापनि भजनका लेखकहरूले व्यक्त गरेका भावनाहरूबाट हामी के सिक्न सक्छौं? तपाईंकै जीवनमा परमेश्वर शान्त रहनुभएको आभास पाएतापनि तपाईको प्रतिक्रिया के हुनुपर्छ? तपाईंको आस्था वा विश्वासलाई कसले थामीरहेको छ?**

## ४. के उहाँको प्रतिज्ञा सदाको निम्ति असफल वा बेकारको हुन्छ र?

**भजन ७७ पढ्नुहोस्। यसका लेखकले कुन अनुभवको सामना गरिरहेका थिए? हेर्नुहोस्, " १ मैले सहायताको निम्ति परमेश्वरमा पुकार गरें। उहाँले मलाई**

सुनून् भनेर मैले परमेश्‍वरलाई पुकारें। २ मेरो दुःखको घड़ीमा मैले परमप्रभुलाई खोजें, राती नथाकी मेरो हात पसारें, अनि मेरो प्राणले सान्त्वना ग्रहण गर्न चाहेन। ३ हे परमेश्‍वर, मैले तपाईंलाई सम्झें, र अफसोस गरें, मैले चिन्ता गरें, र मेरो आत्मा शिथिल भयो। ४ तपाईंले मेरा आँखा लाग्न दिनुभएन, म यति दुःखित भएँ, कि बोल्न पनि सकिनँ। ५ बितेका दिनहरू, धेरै पुराना वर्षहरूको मैले सम्झना गरें। ६ राती मैले आफ्ना गीतहरू सम्झें, म ध्यानमा बसें, र मेरो आत्माले यो सोध्योः ७ "के परमेश्‍वरले सदाको निम्ति इन्कार गर्नुहुन्छ, र उहाँले फेरि कहिल्यै निगाह राख्नुहुन्न? ८ के उहाँको अचूक कृपा सदाको लागि भेटिएको छ? के उहाँका प्रतिज्ञाहरू सदाको निम्ति समाप्त भएका छन्? ९ के परमेश्‍वरले दया गर्न बिर्सनुभएको छ? के रिसाएर उहाँले आफ्नो कृपा-दृष्टि बन्द गर्नुभएको छ? १० अनि मैले सोचें, "यस कुरामा म अपिल गर्छुः सर्वोच्चको दाहिने बाहुलीका वर्षहरू।" ११ परमप्रभुका कार्यहरूको म स्मरण गर्नेछु, निश्‍चय नै बिगतका तपाईंका आश्‍चर्यकर्महरू म सम्झनेछु। १२ म तपाईंका सबै कामहरूमाथि मनन गर्नेछु, र तपाईंका सबै शक्तिशाली कार्यहरूमाथि चिन्तन गर्नेछु। १३ हे परमेश्‍वर, तपाईंका मार्ग पवित्र छन्, हाम्रा परमेश्‍वरझैं महान् देव अरू को छ? १४ तपाईं आश्‍चर्य कामहरू गर्ने परमेश्‍वर हुनुहुन्छ, तपाईं आफ्नो सामर्थ्य मानिसहरूका बीचमा प्रकट गर्नुहुन्छ। १५ तपाईंले आफ्नो बाहुलीको शक्तिले आफ्ना मानिसहरूलाई उद्धार गर्नुभयो, याकूब र योसेफका सन्तानहरूलाई। १६ हे परमेश्‍वर, समुद्रको पानीले तपाईंलाई देख्यो, जब पानीले तपाईंलाई देख्यो, त्यो मड़ारियो। अथाह सागर कम्पायमान भयो। १७ बादलहरूले पानी खन्याए, आकाशमा भयङ्कर रूपले गर्जन लाग्यो, तपाईंका बाणहरू चारैतिर चम्कन लागे। १८ तपाईंको गर्जन आँधीबेहरीमा सुनियो, तपाईंको बिजुलीले संसारलाई आलोकित पारिदियो, पृथ्वी कम्पित भएर हल्लियो। १९ तपाईंको बाटो समुद्र भएर गयो, र तपाईंको पथ महासमुद्रको बीचमा थियो, यद्यपि तपाईंका पाइलाहरू देखिएनन्। २० मोशा र हारूनका हातद्वारा तपाईंले आफ्नो प्रजालाई भेड़ाको एउटा बगाललाई जस्तै डोऱ्याउनुभयो।"

विगत समयमा भएका पीडादायी घट्नाहरूको याद गर्दै लेखेको भजन ७७ बिलापले भरिएकोछ। ती परिस्थितिहरूको सामना गर्न परमेश्वरसँग सहायताको निम्ति प्रार्थना र बिन्ति चढाएका थिए (भजन ७७:१-६)। शोक र विलाप गर्दै भजनका लेखकले आफ्नो पूरै ध्यान परमेश्वरतिर लगाउँछन्। परमेश्वरबाट आउने सान्त्वना र राहत बाहेक अरू कतैबाट आएको सान्त्वना र

राहतलाई उनले अस्वीकार गरेका थिए। यद्यपि, जब उनले परमेश्वरलाई सम्झेका थिए उनलाई भारी पीडा वा अफसोच भएको थियो (भजन ७७:३)। हिब्रू भाषामा बिलाप वा व्याकुललाई हामह hamah भनेर लेखिएको छ। यसले प्रायजसो बाढीको गर्ज्रनलाई चित्रण गर्दछ (भजन ४६:३)। यसको अर्थ भजनका लेखकको पूरै जीवन नै अति वेचैन वा व्याकुल थियो।

परमेश्वरलाई सम्झेर त्यस्तो गहिरो व्याकुल भावना लेखकलाई कसरी भयो होला? दिमागै खलबलाउने खालका धेरै प्रश्नहरूले उनको व्याकुल हुने कारणहरू देखाउँछ (भजन ७७:७-९)। के परमेश्वर बदलिनुभयो? आफूले नै बाँधेको करार के परमेश्वरले नै तोड्नुभयो?

यथार्थमा विगतमा परमेश्वरको उद्धारिय क्रियाकलाप र वर्तमानमा भजनका लेखकको व्याकुल अवस्थामा परमेश्वर चुपचाप रहनुभएको परिप्रेक्ष्यमा उनलाई परमेश्वरले त्याग्नुभएको थियो भन्ने आभास उनले पाएका थिए। यदि परमेश्वर बदलिनुभयो भने भजनका लेखकको कुनै आशा नहुने देखिएको थियो। तर लेखकको दिमागमा परमेश्वरले त्याग्नु नै भएको छैन होला भन्ने सोचमा घमासान भइरहेको थियो।

फेरि, भजनका लेखक त सुत्नै सकेको थिएन किनकि प्रभुले उनलाई जागै राख्नुभएको थियो (भजन ७७:४)। आफ्नो कामको लक्ष्य पूरा गर्न परमेश्वरले अरू मानिसहरूलाई यसै खालको राती सुत्न नसक्ने बानीलाई प्रयोग गर्नुभएको थियो भनेर बाइबलका चरित्रहरूले देखाएका छन् (उत्पत्ति ४१:१-८, एस्थर ६:१, दानिएल २:१-३)। राती धेरै अवेर सम्म भजनका लेखक सुत्न नसक्दा विगतको समयमा परमेश्वरले उनका जनहरूलाई गर्नुभएका उद्धारका कार्यहरूलाई याद दिलाइरहेको थियो। त्यसले गर्दा परमेश्वरप्रति आफ्नो प्रतिवद्धता नविकरण हुन पुगेको थियो (भजन ७७:५,१०)।

परमेश्वरबाट पाएको आश्वासनले भजनका लेखकको व्यक्तिगत परिस्थितिको बारेमा व्याख्या गरेको छैन। तैपनि परमेश्वरको विश्वसनियता र उहाँमाथि भरोसा राख्न सक्ने (अय्युबले जस्तै) मामिलाको अनुमोदन भएको थियो। विश्वासमा परमेश्वरमा पर्खन भजनका लेखकलाई उत्साहित गराउँछ। उहाँ त्यही परमेश्वर हुनुहुन्छ जो विगतमा इस्राएलीहरूको निम्ति अनेकौं आश्चर्य काम गर्नुभएको थियो (भजन ७७:११-१८)। त्यही परमेश्वरप्रति आस्था राखिराख्नु अनिवार्य छ भनेर भजनका लेखकलाई बुझाउँछ। भजनका

लेखकले यो पनि महसुस गर्दछन् कि दुखकष्टमा परमेश्वरका पाइलाहरू (भजन ७७:१९) नदेखिएतापनि विषम परिस्थितिमा उहाँको अगुवाइ हुन्छ भन्ने उनले विश्वास गर्न पुगेको थियो। मानव आँखाले नदेखिएतापनि उहाँको उपस्थिति भइनै रहन्छ भन्ने कुरामा भजनका लेखक आश्वस्त भएका थिए। परमेश्वरले आफ्नो अस्तित्व विभिन्न तरिकाले प्रकट गर्नुहुनेभएकोले उहाँका रहस्यमय र सार्वभौम तरिकाहरूको स्तुतिप्रशंसा भजनका लेखकले व्यक्त गर्दछन्।

***तपाईंको विगत जीवनमा प्रभुले गर्नुभएको कामको बारेमा सोच्नुहोस्। तपाईंले अहिले जे सामना गरिरहनुभएको छ विगतको सत्यताले तपाईंलाई कसरी सहयोग गर्न सक्छ? सोच्नुहोस्।***

## ५. धर्मीहरू परीक्षामा नपरुन् वा सैतानको प्रलोभनमा नफसून्

**भजनका लेखकले के सङ्घर्षमा फसिरहेका थिए? हेर्नुहोस्: भजन ३७:१, ७,८ "१ दुष्टहरूलाई देखेर झर्को नमान, कुकर्मीहरूप्रति डाही नहोऊ...७ परमप्रभुको सामुन्ने मौन बस र धैर्यपूर्वक उहाँको प्रतीक्षा गर। मानिस आफ्ना कुमार्गमा फलिफाप हुँदा र त्यसले खराब युक्तिहरू कार्यान्वयन गर्दा तिमी झर्को नमान। ८ रिसाउन छोड र क्रोधलाई त्याग। झर्को नमान, यसले खराबी गर्नेतिर मात्र ढल्काउँछ।", भजन ४९:१-७ "१ हे सबै मानिसहरू हो, सुन, संसारका सबै निवासीहरू हो, सुन, २ उच्च र नीच, धनी र गरीब सबै ध्यान देओः ३ मेरो मुखले बुद्धिका कुरा बोल्नेछ, मेरो मनले बोलेका कुराले समझदारी प्रदान गर्नेछ। ४ म एउटा हितोपदेशमा ध्यान दिनेछु, वीणा बजाएर म आफ्नो अड्को फुकाउनेछु। ५ दुःखका दिन आउँदा, अनि खेदो गर्नेहरूको दुष्टताले मलाई घेर्दा म किन डराउने? ६ तिनीहरू आफ्नो सम्पत्तिमाथि भरोसा राख्छन्, र आफ्नो ठूलो धनराशिको अहङ्कार गर्छन्, ७ कुनै मानिसले मोल तिरेर अर्कालाई कदापि छुटाउन सक्दैन, वा परमेश्वरलाई उसको जीवनको मोल त्यसले दिन सक्दैन।", भजन ९४:१-७, "१ हे परमप्रभु, प्रतिशोध लिनुहुने परमेश्वर, बदला लिनुहुने हे परमेश्वर, आफ्नो ज्योति प्रदर्शित गर्नुहोस्। २ हे पृथ्वीका न्यायाधीश, उठ्नुहोस्, अहङ्कारीहरूलाई तिनीहरूका कर्मको प्रतिफल दिनुहोस्। ३ हे परमप्रभु, दुष्टहरू कहिलेसम्म रमाउने, कहिलेसम्म दुष्टहरू उल्लसित हुने? ४ तिनीहरू हठी कुरा गर्छन्, सबै कुकर्मीहरू अहङ्कारले भरिएका छन्। ५ हे परमप्रभु, तिनीहरूले तपाईंका प्रजालाई मिच्दछन्, र तपाईंको उत्तराधिकारका मानिसहरूलाई सताउँछन्। ६ तिनीहरूले विधवा र विदेशीहरूको हत्या गर्दछन्, र अनाथहरूलाई**

**मार्दछन्। ७ तिनीहरू भन्छन्, "परमप्रभुले देख्नुहुन्न, याकूबका परमेश्वरले वास्ता गर्नुहुन्न।" र भजन १२५:३-५ "३ दुष्टहरूको राजदण्ड धर्मीहरूका निम्ति राखिएको देशमा रहनेछैन, नत्रता धर्मीहरूले आफ्ना हात अधर्मीतिर लगाउनेछन्। ४ हे परमप्रभु, असल गर्नेहरूलाई असलै गर्नुहोस्, तिनीहरूलाई जसका हृदय सोझा छन्। ५ तर कुमार्गीतिर लाग्नेहरूलाई परमप्रभुले दुष्ट काम गर्नेहरूसँग निर्वासित गर्नुहुनेछ। इस्राएलमा शान्ति होस्।"**

हिजो होस् वा आज, दुष्ट, भ्रष्ट, अधर्मी र खुँखार मानिसहरूको उन्नति र फलिफाप देखेर परमेश्वरका जनहरू जो बाँच्न वा गाँस,बास कपासको निम्ति सङ्घर्ष गरिरहेका छन् तिनीहरूका बिलौना र व्याकुलता उपर्युक्त भजनहरूले सुस्केरा हाल्दै सुनाएका छन्। धर्मीहरूको गति किन नराम्रो छ त भन्ने चुनौति ती भजनहरूले पर्दाफास पनि गर्दछन्। दुष्ट, अपराधी, अनैतिक र भ्रष्ट चरित्र भएकाहरूको फलिफाप मात्र होइन कतिपय समयमा तिनीहरूले परमेश्वरको खुलेआम बिरोध गर्छन्, उहाँलाई हेप्छन् र आफूहरू माथि आउन अरूहरूलाई दवाउँछन् र पेल्छन्। अझ, अलमल पार्ने विषय त यो छ "दुष्टहरूका राजदण्ड वा नीतिहरूले संसारलाई शासन गर्दछ" (भजन १२५:३)। धर्मीका राजदण्ड वा नीतिहरू असफल भइरहेको देखिन्छ (भजन ४५:६)। त्यसकारण, यस संसारमा क्षणिक जीवन बिताउँदा अरूहरूले जस्तै परमेश्वरप्रतिको विश्वासलाई लत्याएर दुष्टतालाई नै अंगालेर हामी पनि किन मनमौजी गरेर नहिँड्ने भन्ने मनोवृत्ति हामीमा जाग्दैन र?

**तर भजनका लेखकलाई आफ्नो सङ्कष्टबाट कसरी उम्के त? अस्थाई जीवनमा मात्रै रमझम गर्नेहरू र सांसारिक उपलब्धि र सम्पन्नतामा मात्रै रमाउनेहरूको अन्त्य कसरी हुनेछ भनेर भजन ७३ले कसरी बताउँछ? हेर्नुहोस्, "१ साँच्चै नै इस्राएलको निम्ति परमेश्वर भला हुनुहुन्छ, तिनीहरूका निम्ति जसको हृदय शुद्ध छ। २ तर मेरा खुट्टा प्रायः चिप्लन लागेका थिए। मैले मेरो टेक्ने आधार हराउन लागेको थिएँ। ३ किनकि दुष्टहरूको उन्नति देखेर ती अहङ्कारीहरूको म डाह गर्दथें। ४ तिनीहरूलाई कठिनाइ छैन, तिनीहरूका शरीर स्वस्थ र बलिया छन्। ५ अरू मानिसहरूझैं तिनीहरू कष्टमा हुँदैनन्, तिनीहरूमाथि मानव खराबी आइलाग्दैनन्। ६ यसकारण अहङ्कार तिनीहरूको सिक्री हुन्छ, र तिनीहरू हिंसाको वस्त्र लाउँछन्। ७ तिनीहरूका निष्ठुर हृदयबाट दुष्टता निस्कन्छ, तिनीहरूका मनको दुष्ट अहङ्कारको सीमा छैन। ८ तिनीहरू ठट्टा गर्छन्, अनि डाहका कुरा गर्छन्, र आफ्नो अहङ्कारमा अत्याचार गर्ने**

धम्की दिन्छन्। ९ तिनीहरूका मुखले स्वर्गकै दाबी गर्छन्, र तिनीहरूका जिब्राले पृथ्वीलाई अधिकार गर्छन्। १० यसकारण तिनीहरूका मानिसहरू तिनीहरूतर्फ फर्कन्छन्, र प्रशस्त पानी पिउँछन्। ११ तिनीहरू भन्छन्, "परमेश्‍वरले कसरी जान्नुहुन्छ र? के सर्वोच्चमा ज्ञान छ र?" १२ हेर, दुष्टहरू यस्ता छन्। सधैं निश्‍चिन्त, तिनीहरू धन बढ़ाउँछन्। १३ निश्‍चय मैले व्यर्थमा आफ्नो हृदय शुद्ध राखेको छु, र निर्दोषतामा आफ्नो हात धोएको छु। १४ दिनभरि मैले आपत्ति भोगेको छु, र प्रत्येक बिहान मैले दण्ड भोग्नुपरेको छ। १५ यदि "म यसै भन्नेछु" भनी मैले भनेको भए त, मैले तपाईंका सन्तानलाई विश्‍वासघात गर्नेथिएँ। १६ जब मैले यी सबै बुझ्ने कोसिस गरें, यो मेरो निम्ति अति गह्रौं भयो, १७ जबसम्म म परमेश्‍वरको पवित्रस्थानमा पसिनँ। तब मात्र मैले तिनीहरूको अन्तिम अवस्था बुझें। १८ निश्‍चय तपाईंले तिनीहरूलाई चिप्ला ठाउँहरूमा राख्नुहुन्छ, तपाईंले तिनीहरूलाई सर्वनाशमा फालिदिनुहुन्छ। १९ तिनीहरू कति अचानक नष्ट हुन्छन्, त्रासले तिनीहरू पूर्णतः बगाइए! २० तिनीहरू बिहान बिउँझँदा सपनाजस्तै टलिजान्छन्। हे परमप्रभु, तपाईं बिउँझँदा तिनीहरूलाई कल्पनाझैं तुच्छ ठान्नुहुन्छ। २१ जब मेरो हृदय दुःखित भएको थियो, र मेरो मुटुमा तीतोपन थियो, २२ म यस्तो बेवकूफ र अबोध थिएँ, तपाईंको सामु म पशुतुल्य थिएँ। २३ तैपनि म निरन्तर तपाईंसँगै छु, तपाईंले मेरो दाहिने हात थाम्नुभएको छ। २४ आफ्नै सल्लाहमा तपाईंले मलाई डोऱ्याउनुहुन्छ, र पछि मलाई महिमामा लानुहुनेछ। २५ स्वर्गमा तपाईंबाहेक मेरो अरू को छ र? र पृथ्वीमा पनि मैले चाहना गर्ने तपाईंबाहेक अरू केही छैन। २६ मेरो तन र मन दुवै विफल होलान्, तर परमेश्‍वर सदासर्वदाको निम्ति मेरो हृदयको शक्ति र मेरो भाग हुनुहुन्छ। २७ तपाईंबाट टाढ़ा रहनेहरू नष्ट हुनेछन्, तपाईंलाई विश्‍वासघात गर्ने सबैलाई तपाईं विनाश गर्नुहुन्छ। २८ तर मेरो लागि भने परमेश्‍वरको नजिक रहनु असल छ। मैले परमप्रभु परमेश्‍वरलाई मेरो शरणस्थान बनाएको छु, म तपाईंका सबै कार्यहरूको वर्णन गर्नेछु।"

भजन ७३ का लेखकले संसारमा भइरहेको वर्तमान दुष्टता, खराब तत्त्वहरूमा आफ्नो ध्यान दिइरहेको थियो। तर उनले परमेश्वरको दृष्टिकोणको बृहत चित्रलाई हेर्न असमर्थ भएको थियो। दुष्ट, पापी, अधर्मी, भ्रष्ट र अनेतिकको चलखेलमा लागेर धेरै धनी, फलिफाप र उन्नति भएको देख्दा परमेश्वरप्रति उनको आस्था नै खलबलिन पुगेको थियो। वास्तविकताको सामु

परमेश्वरलाई विश्वास गरेर चल्नु बेकारको रहेछ भनेर उनले आफ्नो तर्क प्रस्तुत गर्दछन्।

"तर भजनका लेखककै गुनासोलाई पद १ले दिएको ज्ञान जुन भजन ७३को सारांश हो त्यसलाई वेवास्ता गरेको देखिन्छ। त्यसमा लेखिएको छ, "साँच्चै नै इस्राएलको निम्ति परमेश्वर भला हुनुहुन्छ, तिनीहरूका निम्ति जसको हृदय शुद्ध छ।"-योहानस बुगेनहेगन, *रिफोरमेशन कमेन्टरी अन स्क्रिप्चर* (डाउनर, इलिन्वाई, इन्टरभरसीटी, २०१८), पृ. ११।

भजनका लेखकलाई पवित्र मन्दिरमा लगिन्छ जहाँ परमेश्वरले आफ्नो सार्वभौसत्ता प्रयोग गरेर शासन गर्नुहुन्छ। न्यायको समयमा दुष्टहरूको अन्त्य हुनेभएको विवरण उनले आजै थाहा पाउनुपर्ने थियो। पवित्र मन्दिरको बारेमा सत्यता बुझ्दा आफ्ना तर्कहरू मूर्खता भएको उनले महसुस गर्दछन्। दुष्टहरूको गतिविधि र धर्मीहरूको अवस्था केवल आत्मिक चक्षुलेमात्र बुझ्न सकिन्छ, मानवीय तर्कले होइन भनेर भजन ७३ले सिकाउन खोजिएको छ।

***अहिले संसारमा भइरहेको दुष्ट, भ्रष्ट, खराब आदिहरूको चलखेललाई परमेश्वरको न्याय गर्ने प्रतिज्ञाले हामीलाई कसरी सान्त्वना दिन्छ। दुष्टहरू अहिले चम्किरहेका छन् तर तिनीहरूलाई बिना दण्ड छोडिने छैन भनेर भजन ७३ले नै बताउँदछ।***

**उपसंहार:**

**थप जानकारी: भजन ५६ पढ्नुहोस्। एलेन जी० ह्वाइटको *स्टेप्स टु क्राइस्टको* पृ० ११५-१२६ को "रिज्वाइसिङ्ग इन द लर्ड" पढ्नुहोस्।**

अपरिचित देश वा आफू जहाँ भएतापनि विदेशी भएको महसुस गर्ने परमेश्वरका जनहरूले प्रभुका भजनहरू दिल खोलेर कसरी गाउने भनेर बेलाबेलामा महसुस गर्नु परेको अनौठो होइन । "परमेश्वर नै सर्वेसर्वा हुनुहुन्छ र उहाँको नियन्त्रणमा छ" भन्ने विश्वासलाई कतिपय समयमा चुनौति भएको हुन्छ । कठोर परिस्थितिको सामना गर्नुपर्दा बाइबलले भनेको अनुसार असल र शक्तिशाली परमेश्वरले यस संसार उहाँको मातहतमा छ कि छैन भनेर सोच्न पुग्दछौँ।

कतिपय समयमा बाइबलीय विश्वास अनिश्चित र शङ्काको घेरामा पर्न गएको हुन्छ।

उहाँ प्रतिको हाम्रो भरोसा सुनिश्चित नै भएतापनि कहिलेकाहीँ हाम्रो आस्था ढलमिन पुग्न सक्छ। कहिलेकाहीँ जब हामी अनिश्चित र अन्यौलमा पर्दछौँ। जब दुष्ट र भ्रष्टहरू फलिफाप भएको हेरिरहँदा परमेश्वरको उपस्थिति नै नभएको महसुस गर्नुपर्दा हाम्रो लागि असह्य हुन्छ। तैपनि, हाम्रो अनिश्चितता परमेश्वरको बारेमा कहिल्यै पनि हुनुहुँदैन। उहाँ प्रेमिलो, धर्मी र भरोसा योग्य हुनुहुन्छ। जब भजनका लेखकहरूले भविष्यको बारेमा अनिश्चित भएका भावनाहरू व्यक्त गर्दछन् तब तिनीहरूले बारम्बार परमेश्वरको प्रेम र भरोसा सुनिश्चित भएको थप्दछन् (भजन ३६:५-१०; भजन ८९:२,८)। हामी पनि त्यही अनुसरण गर्नुपर्दछ। "कठिन समयहरूमा तपाईँका सबै शक्तिहरूलाई समालेर तल होइन माथितिर हेर्ने बानी बसाल्नुहोस्। अनि तपाईँ कहिल्यै पनि व्याकुल, हतास र निराश भएर लड्नुहुनेछैन। बादलको पछाडिपट्टी तपाईँले छिट्टै येशूलाई देख्नुहुनेछ। तपाईँलाई सहायता गर्न उहाँले उहाँका हात फैलाइरहुनभएको तपाईँले देख्नुहुनेछ। सरल विश्वासद्वारा तपाईँको हात उहाँलाई समाप्त दिनुहोस्। उहाँले तपाईँलाई अगुवाइ गर्नुहुनेछ। जब तपाईँ विश्वासद्वारा येशूमा भरोसा राख्नुहुन्छ तब तपाईँ आशावादी हुनुहुनेछ।"-एलेन जी० ह्वाइट, *टेस्टिमोनिज फर द चर्च*, ठेली ५, पृ० ५७८, ५७९।

जब बेलाबेलामा तपाईँबाट परमेश्वर लुक्नुभएको छ भन्ने आभास पाउनुहुन्छ तब त्यसबेला तपाईँको प्रार्थनाको अबमूल्यन नगर्नुहोस्। बरु ती अनिश्चित समयमा भजनका लेखकहरूले आत्मआलोचना गर्ने मौका पाइरहेका थिए। विगतको समयमा परमेश्वरको उद्धारीय कामलाई तिनीहरूले सम्झन पुगेका थिए। अनि अनुनय बिन्ति गरेर नम्र भएर आफ्नो गल्तीहरू स्वीकार्दै परमेश्वरलाई खोज्न पुगेका थिए (भजन ७७:१०-१२, ८९:४६-५२)। जब हामी शङ्कासँग द्वन्द्व वा संघर्ष गर्छौँ र प्रतिरोधको सामना गर्छौँ तब हाम्रो विश्वास वढ्न थाल्छ। यी दु:खकष्ट र कठिन परिस्थितिमा उपलब्ध भएको अनुभव कुनै पनि महँगो हिरामोतीभन्दा पनि धेरै मुल्यवान हुन्छ।" एलेन जी० ह्वाइट, *टेस्टिमोनिज फर द चर्च*, ठेली ३, पृ० ३५५।

**चिन्तनमनन:**

अ. खराब, दुष्ट, अत्याचार भ्रष्ट तत्त्वहरूको सामना गर्नुपर्दा भजनसंग्रहका लेखकहरूमा कस्तो तनाव भएको थियो। के तपाईंले पनि त्यही खालको तनावको अनुभव गर्नुभएको छ र त्यसलाई तपाईंले कसरी समाल्नुभयो? यस विषम परिस्थितिमा तपाईंले आफ्नो विश्वासलाई कसरी कायम राख्नुभएको छ?


आ. जब दु:खकष्ट वा मानिसहरूको आफ्नै कष्टद्वारा परमेश्वरले जाँचीरहुनभएको छ र परमेश्वरको भलो र शक्तिप्रति प्रश्न उठिन्छ तब हामीले विश्वासद्वारा कसरी जवाफ खोज्न सक्छौं?

इ. प्रेमको सर्वशक्तिमान परमेश्वरले यस पृथ्वीलाई सृष्टि गर्नुभएको थियो र समाली रहनुभएको छ भनेर थाहा पाउँदा पाउँदै खराब तत्त्वले जितिरहेको परिवेशमा सोधिने प्रश्नलाई तपाईंले कसरी जवाफ दिनुहुन्छ?

# कथा ५

# घरलाई आमूल परिवर्तन गर्नेहरू

## ट्विङ्कल र मिलिन्ड (बङ्गलुर, भारत)



के घरभित्र सजाउने वा इन्टरेरियर डिजाइनरले स्वर्गको निम्ति गवाही बन्न सक्छ?

एक जोडी वैवाहिक दम्पत्तिले येशूको बारेमा अरूलाई सुनाउन तिब्र इच्छा जाग्न थाल्यो। तिनीहरूले घरभित्री सजाउने वा इन्टेरिएर डिजाइनको कामबाट सुसमाचार सुनाउन आफ्नो रमाइलो सामूहिक कम्पनी छोडेर आफ्नै व्यापार सुरु गर्ने योजना आफ्नै देश भारतमा बनाए।

ती दम्पत्ति ट्विङ्कल र मिलिन्ड फुर्तिसाथ आफ्नो काम सुरु गरे। भारतको सबभन्दा ठुलो सहर बङ्गलुरमा एक जना धनी परिवारको १३ वर्षे छोरा आर्नभको सुत्ने कोठा सजाउने काम त्यस दम्पत्तिले पाएको थियो। त्यो काम तिनीहरूको पहिलो थियो। आर्नभकी आमाले आफ्नो छोराको कथा कस्तो हुनुपर्छ भनेर इच्छा व्यक्त गर्दै ट्विङ्कल र मिलिन्डलाई सुनाइन्। त्यो कोठा फेरि राम्रोसँग सजाउनुभन्दा अर्कै भएको उनले चाहेकी ट्विङ्कल र मिलिन्डले महसुस गरिन्। उनले चमत्कार पो खोजिरहेकी थिइन्। आर्नभ अत्यन्तै चकचके केटो थियो। नयाँ सुत्ने कोठाले उसलाई शान्त गरियोस् भन्ने आमाको चाहना थियो। त्यो सुत्ने कोठामा आमा राम्रोसँग सुत्न नसकेको छवर्ष भएको थियो। अब छोराको आफ्नो अलगै सुत्ने कोठा तयार पारेर कहिलेकाहीँ उनी पनि छोरासँग सुत्न चाहेकी थिइन्।

"यस कोठामा सुत्न मलाई असम्भव भएको छ। मलाई थाहा छैन किन हो," उनले ट्विङ्कल र मिलिन्डलाई सुनाइन्।

त्यस कोठाको निम्ति के गर्ने भनेर ट्विङ्कल र मिलिन्डले सोच्न सकेन। तर कहाँबाट सुरु गर्ने त्यो तिनीहरूलाई थाहा थियो। तिनीहरू घुँडा टेकेर परमेश्वरसँग प्रार्थना गरे। "हे प्रभु यस सुत्ने कोठामा के रङ्गले रङ्गाउने र यसलाई कसरी सजाउने ताकि तपाईंको महिमा होस्," भनेर ट्विङ्कलले प्रार्थना गरे। अनि त्यस दम्पत्तिले कोठामा भएको सबै सामानहरू बाहिर निकाले।

केटाको ओछ्यान र बत्तीको निम्ति )राखिएको सामान र किताबका दराजहरू सारे। त्यहाँ विभिन्न मूर्तिहरू थिए, ती पनि तिनीहरूले हटाए। ती मूर्तिहरूलाई के गर्ने भनेर ट्विङ्कल र मिलिन्डलाई सोचे। आर्नाभ र आमाले मूर्तिहरूलाई पूजा गर्दथे तर बाबुचाहीँ नास्तिक थिए जसले कुनै पनि भगवानलाई विश्वास गर्दैन थे। जब बाबुले ती मूर्तिहरूलाई कोठामा देखे, "ती मूर्तिहरूलाई पुरानो अखबारमा बेरेर फ्याँकिदिए हुन्छ," भने। ट्विङ्कल र मिलिन्डले सोचे त्यो त असल कुरो हो, त्यसकारण, ती मूर्तिहरूलाई कागजमा बेरेर फ्याँकि दिए। तिनीहरूले त्यस कोठालाई नयाँ रङ्गले पोटे। जब तिनीहरूले त्यो काम सकेपछि बाइबलका पदहरू भएका फोटोहरू भित्तामा झुन्ड्याए र अरू भित्ता र ठड्याइ राखेको स्टान्डमा अरू प्रेरणादायी उद्धरणहरू राखे। एउटा फोटो फ्रेममा यो पद थियो, "तिमी भयानक र अद्‌भुत रीतिले बनाइएको छ।" यो भजन १३९:१४बाट उतारेको भएतापनि बाइबलबाट उतारिएको हो भनेर लेखेको थिएन। अर्को फ्रेममा यो लेखिएको थियो, "तिमी परमेश्वरको उत्कृष्ट सृष्टि हौ," जुन एफिसी २:१०बाट निकालिएको थियो तर बाइबलको पद त्यहाँ लेखिएको थिएन। तेस्रो फोटोले "तिमी  प्रेमिलो पात्र हौ।"

नयाँ सजिएको सुत्ने कोठा देखेर अर्नभ र उसका बाबुआमा खुशी भएका थिए। केही समयपछि आमाले ट्विङ्कललाई यो सन्देश पठाइन्, "अर्नभको बानीमा सकारात्मक परिवर्तनहरू आएको हामीले महसुस गरेकाछौँ, र म उसको कोठामा सुत्न सक्ने भएकी छु। उसको कोठा शान्ति भएको मैले महसुस गरेकी छु।" छ वर्षमा पहिलो पल्ट त्यस कोठामा आफू सुत्न सकेको पनि उनले थपिन्।

त्यो सन्देश सुनेर ट्विङ्कल र उनको सुसमाचार अत्यन्तै खुशी भए। जब ट्विङ्कललाई अन्तर्वार्ता लिएको थियो उनले यशैया ५५:११ को पदलाई उतार्दै भनिन्, " 'मेरो वचन बेकारमा फर्किन्दैन,' भनेर बाइबलले बताउँछ। त्यसकारण, जब प्रत्येक दिन अर्नभले ती पदहरू पढ्छ तब उसको चरित्रमा सकारात्मक परिवर्तन हुन थाल्दछ।"

त्यस पहिलो कोठा पछि ती दम्पत्तिले धेरै धेरै अरू कोठाहरू पनि सजाएका छन्। नयाँ काम सुरु गर्नुभन्दा अघि तिनीहरू जहिले पनि प्रार्थना गर्छन्। कुनै पनि कोठामा तिनीहरूले मूर्तिलाई राख्दैनन्। घर सजाउने कलामा मूर्ति राख्नुपर्छ भनेर बताएतापनि तिनीहरूले मूर्तिहरूलाई राख्दैनन्। बरु, प्रत्येक कोठामा बाइबलका पदहरू भएको फोटोहरू राख्दथे। यदि कसैले

परमेश्वरको बारेमा ग्राहकले सोध्यो भने तिनीहरूले बाइबल अध्ययन गराउने साथीसँग उसलाई सम्पर्क गराउँछ।

"परमेश्वरसँग व्यापारी कारोबार गर्नु असल छ" भनेर ट्विङ्कलले बताइन्। "अहिले हाम्रो काम नै हाम्रो लक्ष्य वा मिसन हो। हामी घरलाई आमूल परिवर्तन गर्ने भएर जाँन्छौं। हामी घर र त्यहाँ भएका बस्तुहरूलाई मात्र होइन त्यहाँ रहने मानिसहरूको पनि आमूल परिवर्तन गर्छौं। हामीले बाइबलका वचनहरू भएका फ्रेमहरू राख्छौं र बाँकि काम परमेश्वरले गर्नुहुन्छ," उनले थप्छिन्।